# नागार्जुन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बागमती प्रदेश

सीतापाइला, काठमाडौं

# आ.व. २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट

Tel: 01-5671717, Email: nagarjun.napa@gmail.com, Web: nagarjunmun.gov.np

१३औं नगर सभा मितिः २०८३ असार १० गते

# नागार्जुन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## सीतापाइला, काठमाडौं

## नागार्जुन नगरपालिकाको १३औं नगर सभाको बैठकमा प्रस्तुत

## आ.व. २०८३/०८४ नीति, कार्यक्रम तथा बजेट

प्रस्तुत मितिः २०८३/०३/१०

(नगर कार्यपालिकाको वैठकबाट स्वीकृत मितिः २०८३/०३/०९)

# नागार्जुन नगरपालिका, काठमाडौंको नीति तथा कार्यक्रम
# आ.व. २०८३/०८४

**नगरसभा सदस्यज्यूहरुः**

सर्वप्रथम म यस नागार्जुन नगरपालिकाको १३ औं नगर सभाको उद्घाटन समारोहमा उपस्थित प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, नगर सभा सदस्यहरुज्यूहरु एवं उपस्थित सबैमा हार्दिक अभिवादन सहित स्वागत गर्न चाहान्छु। समृद्ध नागार्जुन नगरपालिका निर्माणका लागि आधार तयार गर्न तय गरिएको आ.व. २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत हुने आजको यस पुनित अवसरमा राष्ट्रको राजनीतिक र सामाजिक आन्दोलनमा आफ्नो जीवन आहुति दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै जनआन्दोलन तथा अन्य परिवर्तनको अभियानका क्रममा घाइते, अपाङ्ग तथा बेपत्ता भएका नागरिकहरु प्रति समेत उच्च सम्मान व्यक्त गर्न चाहान्छु।

देशकै सङ्घीय राजधानी काठमाडौं जिल्लामा अवस्थित यो नगरपालिका स्थापना भएको छोटो अवधिमा नगरले तय गरेको **"समृद्ध नागार्जुनको आधारः सुशासन, मानव विकास र पर्यटन सहितको दिगो पूर्वाधार"** को दीर्घकालीन लक्ष्य हासिल गर्न समृद्ध नागार्जुन सबैको साझा दायित्व भन्ने जिम्मेवारी भावका साथ आज हामी व्यापक छलफल र विश्लेषण पश्चात यो क्षणमा उपस्थित भएका छौं। नागरिकका समस्या, आवश्यकता तथा अपेक्षा असीमित छन्, सीमित श्रोतका बावजुद ती आवश्यकतालाई क्रमिक रुपमा न्यायोचित सम्बोधन गर्नु नगरपालिकाको दायित्व हो। नगरपालिकाले नीति तथा कार्यक्रम एवम् बजेट तयार गर्दा सहभागितामूलक योजना तर्जुमा पद्धतिको अबलम्वन गरेको छ। यस क्रममा टोल, वस्ती हुँदै वडा समितिको, विभिन्न चरणमा विषयगत समितिको बैठक तथा विज्ञ सँगको छलफल, प्रदेश सभा सदस्य एवम् सङ्घीय सभा सदस्यहरुसँग विभिन्न समयमा गरेको राय परामर्श छलफलबाट प्रतिनिधिमूलक रुपमा नगरवासीहरुको मत सम्बोधन गर्ने प्रयास गरेका छौं। साथै यस पटक सम्बोधन गर्न नसकिएका विषयहरूलाई समेत आगामी दिनमा क्रमशः सम्बोधन गर्दै जाने व्यहोरा समेत यहाँहरू सम्पूर्णलाई अवगत गराउन चाहान्छु।

नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्ने व्यवस्था रहेको छ। यस अवसरमा नागार्जुन नगरपालिकाको १३ औं नगर सभामा आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ।

सर्वप्रथम म चालु आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको स्थिति संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

सभाध्यक्ष महोदय,

गत नगरसभाबाट चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट रु. २ अर्ब ४१ करोड ९ लाख मध्ये समिक्षा अवधिसम्म रु. ९२ करोड ८१ लाख १० हजार ६ सय ४० खर्च भई लक्ष्यको तुलनामा (३८.१७ प्रतिशत) प्रगति हासिल भएको छ। जसमध्ये चालु तर्फ विनियोजित रकम रु. १ खर्व ५ करोड २६ लाख ८ हजार मध्ये रु ५३ करोड ६१ लाख २६ हजार २ सय (५०.९३ प्रतिशत) र पुँजीगत तर्फ विनियोजित रकम रु. १ अर्ब ३७ करोड ८३ लाख ७९ हजार ९ सय मध्ये रु. ३९ करोड १९ लाख ७४ हजार ४ सय (२८.४४ प्रतिशत) खर्च भएको व्यहोरा यस सभामा पेश गर्दछु। तथापी प्रतिस्पर्धात्मक विद्युतीय बोलपत्र प्रणालीबाट ठेक्का

व्यवस्थापन भई संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरित योजनाहरुको समयमै कार्यान्वयन गर्न सक्दा ८० प्रतिशत र आन्तरिक तर्फ ३० प्रतिशत भौतिक प्रगति हासिल गर्न सकिएको छ।

चालु आ.व. का लागि सङ्घीय सरकार तर्फ प्रस्तावित रकम रु. ५१ करोड ३७ लाख २० हजार मध्ये हालसम्म रु. २५ करोड ९९ लाख ४५ हजार ७ सय ४४ खर्च भएको छ। त्यस्तै प्रदेश सरकारबाट प्राप्त भएको अनुदान रकम रु. १८ करोड ५१ लाख ८७ हजार मध्ये हालसम्म रु. ५ करोड ४२ लाख ८५ हजार खर्च भएको छ।यस आ.व. मा मालपोत रजिष्ट्रेशन दस्तुर वापत रु.८० करोड प्राप्त हुने अनुमान गरिएकोमा यस अवधिसम्म जम्मा रु. २२ करोड ८३ लाख ५८ हजार मात्र प्राप्त भएको र आन्तरिक आम्दानी तर्फ प्रस्तावित रु. ६७ करोड ४० लाख मध्ये हालसम्म रु. ४३ करोड २६ लाख ७९ हजार प्राप्त भई दुवै स्रोतको जम्मा रु. ६५ करोड ५० लाख ३७ हजार मात्र राजश्व प्राप्त भएकाले चालु आर्थिक वर्षमा प्रस्तावित सबै कार्यक्रमहरु लक्ष्य अनुरुप सम्पन्न हुन सकेनन्।

संघ र प्रदेशबाट प्राप्त हुने अनुदान तथा राजश्व बाँडफाँडमा हुँदै आएको कटौती, घरजग्गा कारोबारमा आएको शिथिलताका कारण मालपोत रजिष्ट्रेशन दस्तुर प्राप्तिमा परेको प्रभाव र नक्सा पास लगायतका अन्य क्रियाकलापमा आएको न्यूनताका कारण आन्तरिक आम्दानी लक्ष्य अनुरुप प्राप्त हुन नसक्दा नगरपालिकाको वित्तीय स्वास्थ्यमा चुनौती खडा भई तोकिएका योजना तथा कार्यक्रमहरु समयमा सम्झौता हुन नसकी पुँजीगत खर्च तर्फ आशातित प्रगति हासिल हुन नसकेको व्यहोरा समेत यस सम्मानित उपस्थितिमा अनुरोध गर्दछु।

१. नागार्जुन नगरपालिका क्षेत्रभित्रका १९ वटा सामुदायिक विद्यालयमा ५५७८ जना तथा संस्थागत विद्यालयमा २२५६८ जना विद्यार्थीहरु अध्ययनरत मध्ये सामुदायिक विद्यालय तर्फ १८२२ जना तथा संस्थागत विद्यालय तर्फ १४०० जनालाई छात्रवृत्ति उपलव्ध गराइएको । बेरोजगार युवाहरुलाई लक्षित गरी रोजगारसँग सीपलाई आवद्ध गराउनको लागि १० महिने कम्प्युटर हार्डवयर तथा कुक तालिम ४० जनालाई उपलव्ध गराइएको छ।१२ वटा सामुदायिक माध्यमिक विद्यालय तथा ४ वटा संस्थागत विद्यालयहरुका कक्षा ९ र १० अध्ययनरत विद्यार्थीहरुलाई वृत्तिमार्ग निर्देशन तालिम उपलव्ध गराइएको छ।२०८२ सालको एस.ई.ई परीक्षामा सामुदायिक विद्यालय तर्फ ९१.११ प्रतिशत तथा संस्थागत विद्यालय तर्फ ९८ प्रतिशत विद्यार्थीहरु ग्रेडेड भएका छन् ।

२. आ.व. ०८१/०८२ बाट नगर अस्पताल स्थापना गरी सञ्चालनमा ल्याई स्वास्थ्य सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्न निःशुल्क स्वास्थ्य बीमा गर्ने नीति अनुरुप चालु आ.व. मा २१९७ घरपरिवारका ८४०८ सदस्यहरुलाई निःशुल्क बीमा सेवा पुऱ्याइएको छ। नगर एम्बुलेन्स र शववाहनबाट निःशुल्क सेवा प्रदान भइरहेको, कडा तथा दीर्घ रोग जस्तै क्यान्सर, मुटु तथा मृगौला रोगी, मानवअङ्ग प्रत्यारोपण गरेका १४२ जना बिरामीहरुलाई मापदण्डको आधारमा प्रति महिना ५ हजारका दरले आर्थिक सहायता उपलव्ध गराइएको छ।

३. महिला सशक्तिकरण तथा अपांगता भएका व्यक्तिहरूका लागि सहायता सामग्रीहरू वितरण, अपांगता भएका व्यक्ति तथा परिवारका लागि सीप विकास तालिम, दोभाषे सेवा लगायतका कार्यक्रमहरू सञ्चालन भएका छन्।यस अवधिमा अपाङ्गता परिचयपत्र २६७ जना, जेष्ठ नागरिक परिचयपत्र २९६९ जनालाई वितरण गरिएको छ।बौद्धिक अपाङ्गता तथा अजिटम भएका बालबालिकाका परिवारलाई नगरपालिकाको आन्तरिक स्रोतबाट स्याहार खर्च वापत प्रति परिवार मासिक रु. २,०००/- हजारका दरले ४३ परिवारलाई वितरण गरिएको छ।

४. स्थानीय स्तरमा लघु उद्यमीहरूद्वारा उत्पादित वस्तुहरूको बजारीकरण तथा प्रोत्साहनका लागि व्यापार मेला आयोजना गरी बिक्री वितरणको व्यवस्था मिलाईएको, लघु उद्यमीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न प्रकारका सीप विकास तालिम प्रदान गरी उद्यमीहरूलाई सीपसँग सम्बन्धित प्रविधि हस्तान्तरण गरी स्वरोजगारका लागि प्रोत्साहन गरिएको छ।

५. नागार्जुन नगरपालिका क्षेत्रभित्र व्यवसायिक कृषि प्रवर्द्धनका लागि ७५ प्रतिशत अनुदानमा ४९ जनालाई स्प्रेयर, मकै छोडाउने मेसिन र थ्रेसर वितरण, कृषकहरूलाई व्यवसाय विस्तार अनुदान, विभिन्न किसिमका बिउविजन, किटनासक औषधी, कम्पोष्ट बिन, सिँचाई पाईप लगायत मौसम अनुसारका फलफूलका बिरूवाहरू समेत अनुदानमा वितरण गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

६. नगरपालिका क्षेत्र भित्र पशुपालनलाई प्रोत्साहन गर्न घाँसको बिउ, ६८६ वटा पशुहरु (गाई, भैसी, बाख्रा) मा कृतिम गर्भाधान मिसन कार्यक्रम, विभिन्न संक्रामक रोग विरूद्धको भ्याक्सिन अभियान, २४५ भन्दा बढी सामुदायिक कुकुरहरूलाई बन्ध्याकरण तथा भ्याक्सिनेशन, पशुचौपायालाई लम्पी स्किन, खोरेत, भ्यागुते/चरचरे, पि.पि.आर लगायतका विभिन्न रोग विरुद्वको भ्याक्सिनेसन अन्तर्गत १३ हजार ८ सय ८४ डोज खोप दिइएको छ। त्यस्तै २ वटा गाईपालन प्रवर्द्धन कार्यक्रम, ११ वटा व्यवसायिक पशुपन्छी फर्म सुदृढीकरण, १ वटा कालिज पालन प्रवर्द्धन र ७ वटा पशु पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ ।

७. नगर यातायात गुरुयोजना स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको र थापाचोक-आदेश्वर-ह्वाइट गुम्बा हुँदै इचंगुनारायण जोड्ने सडक अन्तर्गत वडा नं ५ र वडा नं ६ भित्र पर्ने सडक खण्ड स्तरोन्नती कार्य यस आ.व. मा सम्पन्न हुने क्रममा रहेको ।साथै फस्कु-घट्टेखोला नर्सरी भञ्याङ्ग सडक तथा नर्सरी छापेचौर सडक आ.व. ०८३/०८४ मा सम्पन्न गर्ने गरी कार्य अगाडि बढाइएको छ ।

८. नागार्जुन नगरपालिका क्षेत्रभित्र रहेका खानेपानी उपभोक्ता समितिहरूबाट वितरित खानेपानीको शुद्धताको परीक्षण गरी समस्या देखिएका स्थानहरूमा सुधारका लागि ताकेता गरिएको, खानेपानी समितिहरूमा देखिएका सुशासन सम्बन्धी समस्याहरूलाई समाधान गर्न साधारण सभा, लेखा परीक्षण लगायतका कार्यहरू गराईएको तथा समग्र खानेपानी तथा सरसफाई सम्बन्धी नीतिमा एकरूपता कायम गर्न नगरस्तरीय खानेपानी तथा सरसफाई सम्बन्धी कानुन तर्जुमा गरी लागू गरिएको छ।

९. नागार्जुन नगरपालिका क्षेत्र भित्र हुन सक्ने सम्भावित विपद् व्यवस्थापनको लागि विभिन्न वडाका ८७ जना विपद् स्वयंसेवकहरुलाई प्राथमिक उपचार, खोज तथा उद्धार सम्बन्धी तालिम प्रदान गरिएको छ। साथै नगरभित्रका ६०७ जना विद्यार्थी तथा २४ जना कर्मचारीहरुलाई भुकम्प सम्बन्धी Mock Drill तालिम सञ्चालन गरिएको छ ।

१०. नगरपालिका तथा वडा कार्यालयहरूबाट प्रदान गरिने सेवाहरूलाई क्रमशः प्रविधिमैत्री बनाउँदै लगिएको तथा अभिलेख व्यवस्थापन समेत प्रभावकारी बनाउँदै लगिएको छ। विद्युतीय बोलपत्र प्रणाली, डिजिटल घर नक्सा इजाजत प्रणाली, पुराना नक्साहरूको डिजिटाईजेशन, कर्मचारीहरूको ई-हाजिरी, योजना कार्यान्वयनमा सफ्टवेयरको प्रयोग, पञ्जिकरण तथा राजश्व संकलनमा समेत सफ्टवेयरको प्रयोग र डिजिटल सुधारका कार्यहरूले समयको बचत, छिटो छरितो सेवा प्रवाह तथा चुस्त अभिलेख व्यवस्थापनमा सहयोग पुऱ्याइएको छ। डिजिटल हाउस नम्बरिङ्गको कार्य ठेक्का प्रक्रियामा रहेको साथै नगर क्षेत्रका मुख्य सडकहरुमा प्रहरीसँगको साझेदारीमा सि.सि. टिभि क्यामेरा जडान कार्य भईरहेको छ ।

११. करदाता सेवा कार्यालयबाट वितरण गरिने स्थायी लेखा नं (PAN) सम्बन्धी सेवा नगरपालिकाबाट नै वितरण गर्ने व्यवस्था मिलाइएको छ।

१२. आ.व. ०८०/०८१ मा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) को अन्तिम नतिजा प्रकाशन पश्चात ८६.५ अंक प्राप्त गरी काठमाडौं जिल्लामा प्रथम भएको, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (FRA) मा ८९ अंक, स्थानीय तह आर्थिक विकास स्वमूल्याङ्कन (LED) मा ७७ अंक प्राप्त भएको थियो । आ.व. ०८१/०८२ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा ८६.४ अंक दावी गरिएकोमा गुणस्तर परीक्षण पश्चात अन्तिम नतिजा प्रकाशन हुन बाँकी, अन्तिम लेखा परीक्षणबाट कायम हुने बेरूजु फछ्र्यौट जस्ता मूल्याङ्कन सूचकहरुमा क्रमशः सुधार हुँदै आएको छ। जसले गर्दा नगरपालिकाको कार्यसम्पादन र सुशासनका पक्षमा सकारात्मक परिवर्तन हुँदै गएको प्रष्ट हुन्छ।

१३. नगरपालिका र सेवाग्राही बीच अन्तर सम्बन्ध कायम गर्न सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ।

१४. संविधान प्रदत्त रोजगारीको मौलिक हक कार्यान्वयनका लागि व्यवस्था गरिएको रोजगार, सीप र उद्यमशीलता केन्द्र मार्फत व्यूटिसियन र सिलाई-कटाइ सम्बन्धी (३९० घण्टे) तालिम उपलब्ध गराइएको छ ।

१५. नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत यस नगरपालिकामा कायम भएका जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, जेष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता, अति अशक्त अपाङ्गता र दलित बालबालिका समेत गरी जम्मा ३३३१ जना लाभग्राहीलाई तोकिएको समयमा नै बैङ्क खातामा तेस्रो त्रैमासिक सम्मको रकम रु. १० करोड ४७ लाख ८ हजार ७ सय ९९ रुपैंया भुक्तानी गरिएको छ। यस अवधिमा व्यक्तिगत घटना तर्फ (जन्म, मृत्यु सम्बन्ध विच्छेद विवाह बसाइसराई) गरी जम्मा ७१७ वटा घटना दर्ता भएको छ।

१६. न्यायिक समितिमा प्राप्त उजुरी १८ मध्ये ११ वटा फछ्र्यौट भई ७ वटा विवादहरु न्यायिक निरुपणको क्रममा रहेका छन्।

सहभागितामुलक योजना पद्धति र प्रभावकारी अनुगमन तथा दैनिक सेवा प्रवाहको प्रभावकारिताका लागि हामीले अबलम्वन गरेका नीति, योजना, कार्यक्रम र व्यवहारले नगरवासी सबैमा नगरपालिका प्रतिको विश्वास अभिबृद्धि गरेको छ भन्ने मलाई लागेको छ। नगरपालिकाको संस्थागत क्षमता विकासका लागि कानुन तथा कार्यविधिहरू निर्माण, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासमा जोड दिईनुका साथै नीतिमा आधारित योजना तथा कार्यक्रमका लागि नगरपालिकाको आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न लागिएको व्यहोरा अवगत गराउन चाहान्छु। साथै नगरपालिकाका लागि सरोकारवाला एवम् नागरिक समुदायहरुबाट प्रदान गरिने रचनात्मक सुझाब र सल्लाह, गुनासो र खबरदारी हाम्रा लागि सदैव स्वागतयोग्य छन्।

**नीति तथा कार्यक्रमको लक्ष्य:**

नेपालको संविधानद्वारा स्थानीय तहलाई प्रदान गरिएको स्वायत्तता तथा स्वशासनको अधिकारलाई सहकारिता, सहअस्तित्व र समन्वयको भावनाअनुरूप उपयोग गर्दै पारदर्शिता, जनसहभागिता र उत्तरदायित्व सुनिश्चित गरि सङ्घीय लोकतान्त्रिक गणतन्त्रका उपलब्धिहरूलाई स्थानीय तहसम्म समानुपातिक, समावेशी तथा

न्यायोचित रूपमा वितरण गरी नागरिकलाई यसको प्रत्यक्ष अनुभूति गराउनु, प्रभावकारी, गुणस्तरीय तथा नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गर्दै युवा तथा बेरोजगार नागरिकहरूको सीप तथा क्षमता विकासमार्फत रोजगारी प्रवर्द्धन गर्नु, अल्पसंख्यक, सिमान्तकृत तथा कमजोर वर्गहरूको सशक्तीकरण र मूलप्रवाहीकरणलाई विशेष प्राथमिकता प्रदान गर्नु, नगरभित्र गुणस्तरीय पूर्वाधार विकासका कार्यलाई तीव्रता दिँदै परम्परागत कला, संस्कृति तथा पुरातात्त्विक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्नु, नगरलाई सांस्कृतिक दृष्टिले समृद्ध तथा आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्दै नागरिकको गुणस्तरीय जीवनयापनका अवसरहरू विस्तार गरी समृद्धि हासिल गर्ने लक्ष्य निर्धारण गरिएको छ।

उक्त लक्ष्य प्राप्तिका लागि सामाजिक विकास (स्वास्थ्य, शिक्षा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक), आर्थिक विकास (कृषि, उद्योग तथा रोजगारी सिर्जना), भौतिक विकास (पूर्वाधार निर्माण तथा विपद् व्यवस्थापन) र सुशासनलाई नीति तथा कार्यक्रमका प्रमुख प्राथमिकता क्षेत्रका रूपमा पहिचान गरिएको छ।

**मुख्य नीतिहरुः**

१. गुणस्तरीय, समावेशी तथा सर्वसुलभ शिक्षा, स्वास्थ्य सेवा, खानेपानी आपूर्ती एवम् फोहरमैलाको प्रभावकारी व्यवस्थापन
२. नवप्रवर्तन, सीप विकास, स्वरोजगार र स्थानीय स्रोत साधन तथा प्रविधिको अधिकतम उपयोगमार्फत युवा लक्षित उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन गरी श्रम बजारको बदलिँदो मागअनुरूप सूचना प्रविधि तथा व्यवसायिक सीपमूलक तालिमहरूको व्यवस्था
३. विपद् संवेदनशील, वातावरणमैत्री गुणस्तरीय शहरी पूर्वाधारमा नागरिकको पहुँच अभिवृद्धि
४. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक, आर्थिक एवं सांस्कृतिक रूपमा पछाडि परेका वर्ग तथा समुदायहरूको अधिकार संरक्षण, सशक्तीकरण, क्षमता विकास, तथ्याङ्क व्यवस्थापन तथा अभिलेखीकरण
५. नगरपालिकाको आन्तरिक वित्तीय स्रोत तथा राजस्व क्षमता विस्तार एवम् संस्थागत क्षमता अभिवृद्धि
६. पारदर्शी, उत्तरदायी तथा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्दै नागरिकमैत्री सेवा प्रणालीको विकास

उपर्युक्त प्रमुख नीतिहरुको आधारमा देहाय बमोजिमको क्षेत्रगत नीति तथा कार्यक्रमको अबलम्बन तथा कार्यान्वयन गरिनेछ।

## १. आर्थिक विकास

### क. राजस्व परिचालन

१. स्थानीय स्रोत, साधन र सम्भावनाको अधिकतम परिचालन गरी आन्तरिक राजस्व अभिवृद्धि गर्ने नीति लिइनेछ।
२. सम्पत्ति कर, घरबहाल कर, व्यवसाय कर, नक्सापास दस्तुर तथा सेवा शुल्कलाई नगरपालिकाको प्रमुख राजस्व स्रोतका रूपमा विकास गर्न करको दर घटाउने र करका दायरा विस्तार गर्दै कर निर्धारण, संकलन लागत र प्रक्रियालाई सरल, पारदर्शी, वैज्ञानिक र करदातामैत्री बनाइनेछ।

३. राजस्व परिचालन तथा विकास निर्माणबीचको सम्बन्धबारे नागरिक सचेतना अभिवृद्धि गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

४. नागार्जुन नगरपालिकालाई आन्तरिक स्रोतबाट आत्मनिर्भर नगरपालिका बनाउन करको दर घटाउने र दायरा बढाउनको लागि अध्ययन तथा अनुसन्धान कार्य गरिनेछ र संकलन हुने कर तथा गैरकर राजस्वको अभिवृद्धि गर्न, चुहावट नियन्त्रण गर्न हरेक वडामा अनुगमन तथा नियमनलाई प्रभावकारी बनाउँदै घुम्ती सेवा सञ्चालन गरिनेछ ।

**ख. कृषि, सिँचाइ तथा पशुपालन**

५. नगरपालिकाभित्र रहेका उर्वर जमिनको संरक्षण गर्दै बाँझो तथा उपयोगविहीन जग्गाको सदुपयोगमार्फत व्यावसायिक, आधुनिक, प्रविधिमैत्री तथा उत्पादनमुखी कृषि प्रणालीको विकास गरिनेछ। साथै कौशि खेती कार्यक्रम र रैथाने बाली संरक्षणका कार्यक्रमलाई अगाडि बढाइनेछ ।

६. कृषकहरूलाई उन्नत बीउबिजन, कृषि सामग्री, प्राविधिक सेवा तथा नवीन कृषि प्रविधिमा पहुँच विस्तार गरी कृषि उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिनेछ। साथै प्राङ्गारिक खेति अबलम्बन गर्न कृषि/तरकारी खेतिमा रासायनिक विषादिको प्रयोगलाई न्यूनीकरण गर्दै जैविक मल/जैविक विषादीको प्रयोगलाई प्रोत्साहित गर्ने नीति लिइनेछ।

७. तरकारी, फलफूल, पुष्पखेती तथा अन्य उच्च मूल्यका कृषि उपजको उत्पादन, विविधीकरण, प्रशोधन र बजारीकरणलाई प्राथमिकताका साथ प्रवर्द्धन गरिनेछ।

८. युवा उद्यमशीलताको प्रवर्द्धनका लागि उद्योग, पर्यटन, कृषि तथा पशुसेवा क्षेत्रअन्तर्गतका उत्पादनमुखी गतिविधिहरूमा संलग्न उद्यमीहरूलाई उत्पादन अभिवृद्धि गर्ने उद्देश्यले व्याजमा अनुदान उपलब्ध गराउने नीति लिइनेछ।

९. कृषि उत्पादनको संकलन, भण्डारण, प्रशोधन तथा बिक्री वितरण व्यवस्थालाई सुदृढ बनाउन कृषि संकलन केन्द्र, स्थानीय हाटबजार तथा आवश्यक पूर्वाधारहरूको विकास गरिनेछ।

१०. वर्षभरि कृषि उत्पादन सुनिश्चित गर्न साना तथा मझौला सिँचाइ, जल संरक्षण तथा थोपा सिँचाइ, स्प्रिंकलर सिँचाइ लगायत आधुनिक तथा पानी मितव्ययी सिँचाइ प्रविधिको प्रवर्द्धन गर्दै आयोजनाको निर्माण, स्तरोन्नति र विस्तार गरिनुका साथै परम्परागत कुलो, रिचार्ज पोखरी तथा अन्य जलस्रोतहरूको संरक्षण र व्यवस्थापन गरिनेछ।

११. पशुपालन व्यवसायलाई स्थानीय आयआर्जन, खाद्य सुरक्षा तथा रोजगारीको महत्वपूर्ण आधारका रूपमा विकास गर्दै गाई, भैंसी, बाख्रा, बंगुर तथा कुखुरापालनको व्यावसायीकरणमा आवश्यक प्राविधिक तथा संस्थागत सहयोग उपलब्ध गराइनेछ।

१२. पशु स्वास्थ्य तथा उत्पादकत्व अभिवृद्धिका लागि नियमित खोप, उपचार, आधारभूत ल्याव, पशु स्वास्थ्य शिविर सञ्चालन तथा उन्नत जातका पशुपंक्षीको संरक्षण, प्रवर्द्धन र विस्तार गरिनेछ।

१३. कृषि/पशुसेवा सम्बन्धी विभिन्न तालिम गोष्ठी, कृषक पाठशाला तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै सामुदायिक वन, शिवपुरी राष्ट्रिय निकुञ्जसँग जोडिएका वडाहरुको वस्तीहरुलाई पकेट क्षेत्र बनाइ मौरीपालन व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

१४. समुदायमा रहेका सामुदायिक मृत तथा जीवित पशुहरुको व्यवस्थापन गरिनेछ ।

१५. सामुदायिक कुकुरहरुलाई Dog Safe House निर्माण गर्न आवश्यकता अनुसार नगर क्षेत्रभित्रका सार्वजनिक जग्गामा खोर निर्माण गरिनेछ।

## ग. उद्योग, वाणिज्य, युवा स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन

१६. नगरपालिकाभित्र रहेका लघु, घरेलु, साना तथा मझौला उद्योगहरूको स्थापना, विस्तार, आधुनिकीकरण तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै उद्योगमैत्री र लगानीमैत्री वातावरण सिर्जना गरिनेछ।

१७. परम्परागत सीप, कला, हस्तकला तथा घरेलु उत्पादनहरूको संरक्षण, संवर्द्धन, व्यावसायीकरण र बजारीकरणलाई प्रोत्साहन गर्दै स्थानीय मौलिक पहिचानको प्रवर्द्धन गरिनेछ।

१८. स्थानीय उत्पादनको ब्रान्डिङ, गुणस्तर अभिवृद्धि, प्रदर्शनी, व्यापार प्रवर्द्धन तथा बजार पहुँच विस्तारमार्फत स्थानीय उत्पादनलाई प्रतिस्पर्धी बनाइनेछ।

१९. युवा वर्गहरूमा उद्यमशीलताको विकास गर्नको लागि नगरपालिकाबाट AI तथा IT सम्बन्धित तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२०. युवा उद्यमीहरूलाई आवश्यक सीपमूलक तथा व्यवसायिक तालिम, परामर्श सेवा, प्राविधिक सहयोग तथा सहुलियतपूर्ण वित्तीय पहुँच उपलब्ध गराउन सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ।

२१. वैदेशिक रोजगारीबाट फर्किएका, अस्थायी रूपमा बसोबास गरी रहेका बासिन्दा, बेरोजगार तथा रोजगारीको खोजीमा रहेका युवाहरूलाई ज्ञान, सीप, क्षमता र अभिरुचिअनुसार स्वरोजगार, उद्यमशीलता तथा आयमूलक गतिविधिमा आबद्ध गराउन राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

२२. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सीप विकास र जनचेतनाका तालिम र स्तरोन्नती प्रविधि हस्तान्तरण मार्फत लघु उद्यमीको प्रवर्द्धन र विकास गरिनेछ ।

## घ. सहकारी

२३. राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा नेपाल राष्ट्र बैङ्क लगायतका निकायबाट जारी गरिएका मापदण्डको पूर्णरुपमा पालना गर्दै जोखिममा आधारित नियमन सुपरिवेक्षण प्राणाली लागू गरिनेछ ।

२४. सहकारी संस्थाहरूको विज्ञ टोली सहितको अनुगमन र मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउँदै अनुगमनबाट प्राप्त सूचनाका आधारमा प्रत्येक सहकारी संस्थाको डाटाबेस तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ। साथै सहकारी संस्था समस्याग्रस्त हुनु पूर्व नै वित्तीय जोखिमको अवस्था पहिचान गरी सम्बोधन गर्ने नीति अवलम्बन गरिनेछ।

२५. सहकारी संस्थाहरूको संस्थागत सुदृढीकरणमा तथा क्षमता अभिवृद्धि गर्न आवश्यकता अनुसार सहकारी व्यवस्थापन, सहकारी लेखा व्यवस्थापन, पर्ल्स विश्लेषण, कोपोमिस, सहकारी सुशासन

तथा सम्पत्ती शुद्धिकरण निवारण लगायतका विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२६. नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई व्यवस्थित गर्नको लागि सहकारी प्रवर्द्धन तथा समन्वय समिति गठन गरिनेछ ।

२७. सहकारी संस्थाहरुबाट बचतकर्ताको रकम समयमै फिर्ता हुने वातावरण सुनिश्चित गर्न वित्तीय अनुशासन, तरलता व्यवस्थापन तथा प्रभावकारी अनुगमन प्राणालीलाई सुदृढ गरी सहकारी संस्थाहरुमा प्रभावकारी ऋण असुलीका लागि सदस्यको ऋण तिर्ने क्षमता, धितो सुरक्षा तथा जोखिम मूल्याङ्कनका आधारमा ऋण लागनी गर्ने प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ ।

**ङ. कला, संस्कृति तथा पर्यटन प्रवर्द्धन**

२८. नगरपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षण, सम्वर्धन र प्रवर्द्धन गर्दै कला, संस्कृति, भाषा, भेषभूषा, परम्परा तथा मौलिक पहिचानको संरक्षण गर्दै भावी पुस्तामा हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. नगरपालिका भित्र रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र विकास गरी नगरपालिकालाई आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकास गरिनेछ ।

३०. पर्यटन पूर्वाधार विकासका लागि पदमार्ग, विश्रामस्थल, सूचना केन्द्र, संकेत चिन्ह तथा सरसफाइ व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

३१. पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्र, सहकारी तथा स्थानीय समुदायसँग सहकार्य र साझेदारीको नीति अवलम्बन गरिनेछ ।

३२. कला, संस्कृति तथा पर्यटन क्षेत्रलाई स्थानीय आर्थिक विकास, रोजगारी सिर्जना तथा नगरको पहिचान अभिवृद्धिको महत्वपूर्ण आधारका रुपमा विकास गरिनेछ ।

**२. <u>सामाजिक विकास</u>**

**क. शिक्षा, युवा तथा खेलकुद**

३३. संविधान प्रदत्त अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि विद्यालय उमेर समूहका सबै बालबालिकाहरुको शिक्षामा गुणस्तरीय, समावेशी र पहुँचयुक्त शिक्षा सुनिश्चित गरिनेछ ।

३४. दिवा खाजा कार्यक्रमलाई विद्यार्थीको स्वास्थ्य, पोषण तथा सिकाइसँग आवद्ध गरी सामुदायिक विद्यालयहरुमा अध्ययनरत इसिडि देखि कक्षा ८ सम्मका सबै बालबालिकाहरुलाई दिवा खाजा उपलब्ध गराइनेछ ।

३५. विद्यालयको शैक्षिक नतिजा सुधारका लागि नियमन, अनुगमन, मूल्याङ्कन र मेन्टरिङ्ग प्रणाली विकास गरी कक्षाकोठाको शिक्षण सिकाइलाई बालमैत्री सूचना प्रविधि तथा कृतिम बुद्दिमत्ता (AI) मा आधारित सिकाइ प्रणाली विस्तार गर्ने तर्फ कार्यक्रमहरु लक्षित गरिनेछ ।

३६. विद्यालयस्तरमा प्रतिभावान खेलाडिको पहिचान गरी उनीहरुको क्षमता विकास तथा प्रोत्साहन गरी सबै उमेर समूहका बालबालिकाको खेलकूदमा सहभागिताको व्यवस्था मिलाइनेछ ।

३७. निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाहरुलाई सेवामुखी र गुणस्तर केन्द्रित बनाउन विद्यालयहरुको वर्गीकरणको आधारमा लक्षित समुदायका बालबालिकाहरुलाई प्रचलित कानूनले तोकेको कोटामा निःशुल्क अध्ययन गर्ने व्यवस्थालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३८. विद्यालयमा सुरक्षित, बालमैत्री र समावेशी वातावरण निर्माण गरी शिक्षकको पेशागत क्षमता विकास तथा नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ ।

३९. वृत्ति मार्ग निर्देशन इकाइ मार्फत युवाहरुलाई उद्यमशीलता तथा रोजगार अभिवृद्धि कार्यक्रम सञ्चालन गरी युवालाई तालिम, सीप, प्रविधि र परामर्श सेवा उपलब्ध गराइनेछ ।

४०. सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापक, विद्यालय कर्मचारी, बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, सामुदायिक सकाई केन्द्रका परिचालक, खेल प्रशिक्षक तथा विद्यालय सुरक्षाको कार्यमा खटिने कर्मचारीको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।

४१. कृषि, पर्यटन, सूचना प्रविधि, सेवा तथा उत्पादनमूलक क्षेत्रमा युवा लक्षित सीपमूलक तालिम सञ्चालन गरिनेछ।

४२. युवा क्लब तथा सामाजिक संस्थाहरूको सुदृढीकरण गर्दै विकास निर्माण, वातावरण संरक्षण र सामाजिक जागरणका कार्यक्रमहरूमा युवाको सहभागिता अभिवृद्धि गरिनेछ ।

४३. लागूऔषध दुर्व्यसन, बेरोजगारी तथा सामाजिक विकृतिविरुद्ध सचेतनामूलक तथा रोकथामका कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. नवप्रवर्तन, नेतृत्व विकास तथा उत्कृष्ट योगदान गर्ने युवालाई प्रोत्साहन तथा सम्मान गर्ने व्यवस्था गरिनेछ ।

४५. स्वस्थ, अनुशासित तथा प्रतिस्पर्धी नागरिक निर्माणका लागि खेलकुद क्षेत्रको समग्र विकासलाई प्राथमिकता दिइनेछ ।

४६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादनका लागि प्रशिक्षण, प्रशिक्षक विकास तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

**ख. स्वास्थ्य**

४७. नगर अस्पतालको सेवालाई थप प्रभावकारी बनाउदै स्वास्थ्य बिमा कार्यक्रम मार्फत विशेषज्ञ सुविधा थप गर्दै लगिनेछ । सबै नगर बासीहरूको स्वास्थ्य बिमामा पहुँच अभिवृद्धि गर्न नगरपालिका क्षेत्रभित्रका सबै स्थायी बासिन्दा परिवारहरूका लागि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई करसँग आबद्धता गरिनेछ ।

४८. महिलाहरुको पाठेघरको मुखको क्यान्सर रोगको समयमा पहिचान गरी रोकथाम गर्नको लागि सबै वडा स्थित स्वास्थ्य संस्थाहरुमा नि:शुल्क VIA परिक्षण तथा HPV DNA परिक्षण शिविर संचालन गरिनेछ ।

४९. अशक्त, अपाङ्ग, तथा जेष्ठ नागरिकहरुलाई घरदैलोमा नै गई सेवा प्रदान गर्नुका साथै ३० वर्ष माथिका नागरिकहरूलाई स्वास्थ्य संस्था वा टोलटोलमा गएर नसर्ने रोग सम्बन्धी स्क्रिनिङ तथा ब्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।

५०. विभिन्न किसिमका महामारीजन्य रोगहरुको नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरु बनाई किटजन्य रोग लगायत महामारीको सम्भावना लाई रोकथाम तथा नियन्त्रण गर्ने व्यवस्था मिलाईनेछ ।

५१. नगरवासीहरुको जनगुनासो तथा दैनिक सेवाग्राहीको चापलाई मध्यनजर गर्दै हाल संचालनमा रहेको नगर अस्पतालमा २४ सै घण्टा प्रसुति सेवा, ईमर्जेन्सी सेवा, अन्तरंग सेवा, फार्मेसी, ल्याव तथा एक्सरे सेवा सञ्चालन गरी स्वास्थ्य सेवालाई थप विस्तार गरिनेछ ।

५२. अल्ट्रासाउण्ड (भिडियो एक्सरे) को सहायताले गर्भवती महिलाहरुको समयमै जटिलता पत्ता लगाई मातृ तथा नवशिशुको मृत्युदर घटाउनकोलागि हाल सबै स्वास्थ्य संस्थामा सञ्चालन भईरहेको अल्ट्रासाउण्ड कार्यक्रमलाई सबै वडा स्थित स्वास्थ्य संस्थाहरुमा निरन्तरता दिईनेछ ।साथै संस्थागत सुत्केरी सुनिश्चितता तथा पोषणमैत्री स्थानीय तह घोषणा गर्ने नीति लिइनेछ ।

५३. नगर बासिहरुका लागि नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा निःशुल्क रगत उपलब्ध गराउदै आएकोमा उक्त कार्यक्रमलाई यस वर्ष समेत निरन्तरता दिइनेछ । ब्लड बैंकमा रगतको उपलब्धता बढाउन स्थानीय संघसंस्था लगायत सरोकारवाला निकायहरूसँगको सहकार्यमा आवधिक रुपमा सबै बडाहरुमा रक्तदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

५४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रु.५,०००/- र ६० वर्ष उमेर पुरा भएकालाई सम्मानजनक बिदाईको अवसरमा जनही रू.२,००,०००/- प्रोत्साहन स्वरूप उपलब्ध गराईने कार्यलाई निरन्तरता दिईनेछ।

५५. वैकल्पिक चिकित्साको रूपमा आयुर्वेद उपचार पद्धतिलाई संस्थागत गर्ने प्रवन्ध मिलाईनेछ । नगरपालिका परिसरमा स्थापित आयुर्वेद औषधालयको संस्थागत क्षमता विकासमा ध्यान दिईनेछ । उक्त औषधालयबाट प्रवाह हुने सेवाहरूको विस्तार गरिनेछ ।

५६. आयुर्वेद शाखाबाट निरन्तर रूपमा सञ्चालन हुँदै आएका स्तनपायी आमा, जेष्ठ नागरीक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, स्थानीय जडीबुटी चिनारी गर्न जनचेतनामूलक कार्यक्रम, निःशुल्क औषधि वितरण लगायतका कार्यकमहरूलाई निरन्तरता दिईनेछ ।

५७. नगरपालिकामा आयुर्वेद सेवाको प्रवर्द्धन गर्दै भविष्यमा आयुर्वेद अस्पताल स्थापना गर्ने कार्यलाई प्राथमिकतामा राखी आवश्यक अध्ययन तथा प्रक्रिया अघि बढाइने नीति अवलम्बन गरिनेछ।

५८. नगर एम्बुलेन्स र शव-वाहनबाट नगरबासीहरूलाई निःशुल्क सेवा प्रदान भइरहेको कार्य लाई निरन्तरता दिईनेछ ।

५९. सबै बालबालिकाहरुलाई खोपको पूर्ण मात्रा लगाउन प्रत्येक बर्ष पुर्ण खोप घोषणा र सुनिष्चितता गर्न आवश्यक क्रियाकलाप तथा कार्यक्रमहरु संचालन गरिनेछ ।

६०. नगरवासीहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै नसर्ने रोगहरूको रोकथामका लागि व्यायाम, योगाभ्यास, शारीरिक कसरतको महत्वपूर्ण भूमिका हुने हुँदा हरेक वडा अन्तर्गतका खुल्ला क्षेत्र, पार्क लगायत उपयुक्त स्थानमा खुल्ला व्यायामशाला निर्माण गरी सञ्चालनमा ल्याईनेछ ।

६१. विश्वमा बढ्दै गई रहेको आत्महत्या दर, मानसिक स्वास्थ्य समस्या, डिप्रेशन, लगायतका रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

## ग. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवं लक्षित वर्ग

६२. नगरपालिकाका सम्पूर्ण नीति, योजना तथा कार्यक्रमहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलधारमा ल्याई प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ ।

६३. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक तथा आर्थिक रूपमा विपन्न वर्गको सेवा, सुविधा, स्रोत तथा अवसरहरूमा समान पहुँच सुनिश्चित गर्दै समावेशी विकासलाई प्रवर्द्धन गरिनेछ ।

६४. लैङ्गिक हिंसा, घरेलु हिंसा, बालविवाह, दाइजो प्रथा तथा सबै प्रकारका सामाजिक विभेद न्यूनीकरणका लागि सशक्त सचेतनामूलक, रोकथाममुखी तथा व्यवहार परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

६५. अपाङ्गता भएका व्यक्ति, अटिजम तथा जोखिममा परेका समूहका लागि पहुँचयुक्त पूर्वाधार, विशेष सेवा, सामाजिक सुरक्षा, संरक्षण तथा राहत कार्यक्रमहरूलाई थप प्रभावकारी र पहुँचयोग्य बनाइनेछ ।

६६. दलित, सीमान्तकृत, एकल महिला तथा असहाय वर्गको सामाजिक, आर्थिक तथा शैक्षिक उत्थानका लागि लक्षित कार्यक्रम तथा सामाजिक सुरक्षा र पुनर्स्थापना उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

## घ. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता तर्फ

६७. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सेवा एवम् सामाजिक सुरक्षा भत्ता वितरणलाई नागरिकमैत्री, पहुँचयोग्य, प्रविधिमैत्री र समावेशी बनाउँदै लक्षित वर्गसम्म प्रभावकारी सेवा प्रवाह सुनिश्चित गरिनेछ।

६८. लाभग्राहीहरूको नियमित नवीकरण, अभिलेख अद्यावधिक, दोहोरोपन नियन्त्रण तथा लक्षित वर्गको यथार्थ पहिचानमार्फत सामाजिक सुरक्षा प्रणालीलाई थप व्यवस्थित र विश्वसनीय बनाइनेछ।

६९. जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद तथा बसाइँसराइ लगायतका व्यक्तिगत घटनाको समयमै दर्ता सुनिश्चित गर्न जनचेतनामूलक, प्रोत्साहनात्मक तथा एकीकृत सेवा कार्यक्रम सञ्चालन गरिनेछ।

### ङ. खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन

७०. सबै नागरिकलाई सुरक्षित, स्वच्छ र दिगो खानेपानीको पहुँच सुनिश्चित गर्न खानेपानी प्रणालीको विस्तार, स्तरोन्नति र दिगो व्यवस्थापन गरिनेछ ।

७१. स्रोत संरक्षण, मुहान सुरक्षा तथा जलाधार व्यवस्थापनलाई प्राथमिकता दिँदै खानेपानी स्रोतको दिगो उपयोग सुनिश्चित गरिनेछ ।

७२. समुदाय आधारित खानेपानी उपभोक्ता समितिहरूलाई सुदृढ गर्दै सेवा सञ्चालन तथा मर्मत सम्भार प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

७३. सरसफाइलाई सार्वजनिक स्वास्थ्यसँग जोड्दै "पूर्ण सरसफाइयुक्त नगरपालिका" निर्माण अभियान सञ्चालन गरिनेछ ।

७४. नगरपालिका क्षेत्र भित्र रहेका खानेपानी उपभोक्ता समितिहरुको सुशासनलाई मध्यनजर गर्दै नियमनको लागि आवश्यक कार्यविधि निर्माण गरी लागू गरिनेछ ।

७५. फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित गर्न फोहोर संकलन, वर्गीकरण, ढुवानी, प्रशोधन तथा सुरक्षित विसर्जन प्रणाली विकास गरिनेछ ।

७६. प्लास्टिकजन्य फोहोर न्यूनीकरण तथा पुनः प्रयोग (Reduce, Reuse, Recycle) लाई प्रवर्द्धन गरिनेछ।

७७. सार्वजनिक स्थानमा फोहोरमैला फाल्ने प्रवृत्ति नियन्त्रण गर्न सचेतना तथा कानुनी व्यवस्था कडाइका साथ लागू गरिनेछ ।

७८. नगरवासीलाई स्वच्छ, सुरक्षित, भरपर्दो तथा गुणस्तरीय खानेपानी सेवा सुनिश्चित गर्न प्रदेश सरकार, सम्बन्धित निकाय तथा स्थानीय तहहरूसँग प्रभावकारी समन्वय र सहकार्य कायम गर्दै मेलम्ची खानेपानी आयोजनासँगको साझेदारीमा एकीकृत खानेपानी आपूर्ति तथा व्यवस्थापन प्रणालीलाई व्यवस्थित, प्रभावकारी र दिगो रूपमा सञ्चालन गरिनेछ।

## ३. पूर्वाधार विकास

७९. नागार्जुन नगरपालिकाबाट तयार भएको नगर यातायात गुरु योजना (MTMP) अनुसार तोकिएको योजनाहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ।

८०. नागार्जुन नगरपालिकाबाट कार्यान्वयन हुने पूर्वाधारसँग सम्बन्धित आयोजनाहरू विपद् जोखिम उत्थानशिल हुने गरी डिजाईन, निर्माण तथा उपयोग गरिनेछ।

८१. नागार्जुन नगरपालिका क्षेत्रभित्र निर्माण हुने जाति, समुदाय विशेष मन्दिर लगायतका संरचना निर्माण गर्दा यथासम्भव स्थानीय उपभोक्ताहरूकै लगानीमा निर्माण तथा सञ्चालन गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

८२. सार्वजनिक स्थान, पार्क तथा भवन जस्ता संरचना बनाउँदा अनिवार्य रुपमा अपाङ्ग, ज्येष्ठ नागरिक, महिला तथा बालमैत्री हुने गरी निर्माण तथा सञ्चालन गरिनेछ ।

८३. नगरपालिकाबाट सञ्चालन हुने सार्वजनिक निर्माण कार्य तथा निजी क्षेत्रबाट सञ्चालित हुने पूर्वाधारजन्य निर्माण कार्यमा संलग्न हुने कामदारहरूको सुरक्षाको लागि आवश्यक व्यक्तिगत रोकथाम उपकरण (PPE) को प्रयोग अनिवार्य रूपमा गर्नुपर्ने तथा निर्माण कार्यमा खटिने कामदारहरूको सुरक्षा सम्बन्धी विषयमा प्राविधिकहरूबाट अभिमुखीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

८४. नागार्जुन नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक भवनहरूको अभिलेखाङ्कन, मर्मत सम्भार तथा उपयोगको अवस्था समेत मूल्याङ्कन गरी त्यस्ता सम्पत्तिहरूको संरक्षण, सम्वर्द्धन तथा उच्चतम नागरिक हितमा प्रयोग हुने गरी व्यवस्था मिलाईनेछ ।

८५. विपद् वा आकस्मिक कारणबाट अवरुद्ध भएका पूर्वाधारहरूको तत्काल पुनःसञ्चालन, मर्मत सम्भार तथा उद्धार कार्यलाई सुरक्षित, द्रुत र व्यवस्थित बनाउन कार्यविधि सहित छुट्टै आकस्मिक पूर्वाधार मर्मत सम्भार कोष' को स्थापना गरिनेछ ।

८६. तालिम प्राप्त डकर्मी र प्राविधिकको सुनिश्चित गराएर मात्र भवन निर्माण अनुमति दिने नीति लिईनेछ। साथै नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने निर्माण कार्यलाई गुणस्तरीय बनाउन प्राविधिक तथा व्यावसायिक तालिम परिषद लगायत विभिन्न संघसंस्थाहरूसँग समन्वय गरी कामदारहरूको क्षमता विकास कार्यक्रममा जोड दिईनेछ।

८७. सुरक्षित, व्यवस्थित, समावेशी तथा दिगो शहरी विकासको अवधारणाअनुरूप भू—उपयोग योजनाका आधारमा भूमि व्यवस्थापन, योजनाबद्ध बस्ती विकास तथा गुणस्तरीय, वातावरणमैत्री र विपद् प्रतिरोधी आवास निर्माणलाई प्रोत्साहन गर्दै नगरवासीका लागि सुरक्षित, व्यवस्थित र सम्मानजनक आवासको पहुँच सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

८८. विपद् व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन अबलम्बन गरिएको समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन नीति अन्तर्गत प्रत्येक वडाका कम्तिमा १० जनाको विपद् स्वयंसेवक टोली गठन गरी Red cross, सुरक्षा तथा अन्य निकायको सहकार्यमा प्राथमिक उपचार, खोज तथा उद्धार, सम्बन्धी तालिम संचालन गरिनेछ।

८९. समुदाय स्तरमा आइपर्ने आकस्मिक स्वास्थ्य जोखिम, हृदयघात (Cardiac Arrest) र दुर्घटनाबाट हुन सक्ने अकाल मृत्युलाई रोक्न सार्वजनिक स्थल वा धेरै आवतजावत गरिने स्थलमा Hands Only CPR तालिम प्रदान गरिनेछ।

९०. नागार्जुन नगरपालिकाले UNDRR को प्रारम्बिक १० अत्यावश्यक बुँदाहरू (Ten Essentials) लाई आत्मसात गर्दै विपद् उत्थानशील नगर निर्माणका लागि एक एकीकृत कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

९१. शहरी क्षेत्रमा बढ्दो ईलेक्ट्रिक सर्किट तथा ग्यासबाट हुने आगलागीलाई न्यूनिकरण तथा रोकथाम गर्न समुदायस्तरमा तालिम कार्यक्रम सञ्चालन गर्दै वन डढेलोको प्रकोपबाट हुने

प्राकृतिक, मानवीय तथा आर्थिक क्षतिलाई न्यूनिकरण गर्न वन उपभोक्ता समिति, वन कार्यलयको समन्वयमा कार्यक्रमहरु संचालन गरिनेछ।

९२. राष्ट्रले जलवायु परिवर्तनबाट हुने अस्वभाविक वर्षासँगै आउने पहिरो तथा भूक्षयका समस्या समाधान गर्न जलवायुसँग अनुकुलन हुने वनस्पतिको वृक्षरोपण कार्यक्रम हाईवाट एप (Hiwat App) निर्माण गरी लागू गर्नुका साथै हरित पूर्वाधार (Green Infrastructure) र प्रकृतिमा आधारित समाधान (Nature-Based Solutions) गर्न प्राविधिक कर्मचारीहरुको क्षमता विकास गरिनेछ।

९३. घना बस्ती, मुख्य बजार तथा बढी आवतजावत हुने प्रमुख चोक र चौबाटोहरूमा हुन सक्ने आकस्मिक आगलागीको तत्काल नियन्त्रण गरी जनधनको क्षति न्यूनीकरण गर्न नगरपालिकाका प्रमुख सार्वजनिक स्थलहरूमा अग्निशामक यन्त्र जडान गरिनेछ।

९४. नागार्जुन नगरपालिकाका सम्पूर्ण विद्यालयहरूलाई भूकम्प, आगलागी, पहिरो तथा वातावरणीय जोखिममुक्त बनाई बालबालिकाहरूको सुरक्षित सिकाइको हक सुनिश्चित गर्न बृहत् विद्यालय सुरक्षा कार्यक्रम लागु गरिनेछ।

९५. जलवायु परिवर्तनको असरका कारण यस नगरपालिकामा बसाइ सरि आएका अस्थायी रुपले बसोबास गरिरहेका बासिन्दाहरुको सीप पहिचान गर्दै सीपयुक्त श्रमिकहरुको सीप सहितको विवरण तयार गरि रोजगारदाता र श्रमिक बीच सम्पर्कको लागि समन्वय गरिनेछ।

## ५. <u>संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन</u>

### क. सुशासन

९६. नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्दै प्रभावकारी, पारदर्शी र उत्तरदायी प्रशासनिक प्रणाली स्थापना गरी सेवा प्रवाहलाई सरल, छरितो र नागरिकमैत्री बनाउने उद्देश्यले एकद्वार सेवा प्रणालीको विस्तार गरिनेछ। साथै, सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गर्दै ई-गभर्नेन्स प्रणाली लागू गरी डिजिटल सेवा प्रवाहलाई थप सुदृढ र प्रभावकारी बनाइनेछ।

९७. नगरपालिकाबाट सञ्चालन भएका विकास निर्माण, विविध कार्यक्रम तथा सेवा प्रवाहको अवस्थाको म्यापिङ गर्न संघ, प्रदेश र स्थानीय तहबाट विनियोजित बजेट अन्तर्गतका योजना तथा कार्यक्रम सम्बन्धी भिडियो सामग्री उत्पादन तथा अनुसन्धानमूलक तथ्याङ्क सङ्कलन गर्ने नीति अवलम्बन गरिनेछ।

९८. जनगुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउँदै नागरिक सन्तुष्टि अभिवृद्धि गरिनेछ ।

९९. नीति निर्माण, योजना छनोट तथा कार्यान्वयन प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्दै सहभागितामूलक शासन प्रणाली प्रवर्द्धन गरिनेछ ।

१००. सुशासन कायम गर्न पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वलाई संस्थागत गर्दै नियमित सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण सञ्चालन गरिनेछ ।

१०१. कर्मचारी प्रशासनलाई सक्षम, उत्तरदायी र सेवामुखी बनाउँदै क्षमता विकास तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

१०२. नगर क्षेत्रभित्र शान्ति, सुरक्षा, सुशासन, बजार अनुगमन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै राजस्व संकलन, सार्वजनिक सम्पत्तिको संरक्षण, अवैध संरचना तथा अतिक्रमण नियन्त्रण, वातावरणीय सरसफाइ तथा नगर नियमहरूको कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न आवश्यकताअनुसार अधिकतम् ३० जनासम्म नगर प्रहरीको दरबन्दी तथा जनशक्ति थप गरी परिचालन गरिनेछ।

**ख. सूचना, प्रविधि र सेवा प्रवाह**

१०३. नगरपालिकाको सेवा प्रवाहलाई आधुनिक, छरितो, पारदर्शी र प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको अधिकतम तथा संस्थागत उपयोग गर्दै डिजिटल शासन प्रणालीलाई विस्तार गरिनेछ ।

१०४. नागरिकलाई सहज, सरल र पहुँचयोग्य सेवा सुनिश्चित गर्न अनलाइन सेवा प्रवाह, एकद्वार सेवा प्रणाली तथा मोबाइल एप्स, वेबसाइट र सामाजिक सञ्जालमार्फत सूचना तथा सेवाहरू नियमित रूपमा उपलब्ध गराइनेछ ।

१०५. व्यवस्थित शहरको अवधारणा अनुरूप स्मार्ट पालिका निर्माणका लागि नगरपालिकाको डिजिटल प्रोफाइल, हाउस नम्बरिङ तथा डिजिटल प्लेटफर्म निर्माण कार्यलाई निरन्तरता दिँदै नगर क्षेत्रको सुरक्षा व्यवस्थापन सुदृढ गर्न प्रहरीसँगको साझेदारीमा मुख्य सडकहरूमा सीसीटीभी क्यामेरा जडान कार्यलाई समेत निरन्तरता दिइनेछ।

१०६. सूचना प्रविधि पूर्वाधार विस्तार, साइबर सुरक्षा सुदृढीकरण तथा कर्मचारीको क्षमता विकासमार्फत सुरक्षित, भरपर्दो र दिगो डिजिटल सेवा प्रणालीलाई संस्थागत रूपमा सुदृढ गरिनेछ ।

**ग. वित्तीय अनुशासन एवं आन्तरिक नियन्त्रण**

१०७. नगरपालिकाको सम्पूर्ण आय व्ययलाई पारदर्शी, उत्तरदायी र विधिसम्मत बनाउँदै वित्तीय अनुशासनलाई संस्थागत गर्दै वार्षिक बजेट तथा कार्यक्रमलाई यथार्थपरक, परिणाममुखी र प्राथमिकतामा आधारित बनाई स्रोत साधनको प्रभावकारी उपयोग गरिनेछ।

१०८. खर्च प्रणालीलाई मितव्ययी बनाउँदै अनावश्यक तथा दोहोरो खर्च न्यूनीकरण गर्दै सार्वजनिक खरिद प्रक्रियालाई कानून अनुसार प्रतिस्पर्धात्मक, पारदर्शी र गुणस्तरीय बनाइनेछ।

१०९. आन्तरिक नियन्त्रण प्रणाली तथा लेखापरीक्षणबाट प्राप्त सुझाव प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

११०. अघिल्ला आ.व. हरुको बेरुजु मध्ये नियमन गर्नुपर्नेलाई नियमित गरी असुल उपर गर्नुपर्ने खालको बेरुजु रकम सम्बन्धी व्यक्ति तथा संघ संस्थाबाट असुल गरिनेछ । अन्तिम

लेखापरीक्षणले औंल्याउने वेरुजु रकम शुन्य हुने गरी आर्थिक कारोबार तथा सोको लेखाङ्कन गर्न जोड दिइनेछ ।

**घ. कानून तथा न्याय**

१११. नगरपालिकाको कार्य सम्पादनलाई विधिसम्मत, पारदर्शी र उत्तरदायी बनाउन आवश्यक स्थानीय कानून, नियम, निर्देशिका तथा कार्यविधिहरू समयानुकूल निर्माण तथा परिमार्जन गरिनेछ ।

११२. मेलमिलाप तथा मध्यस्थता प्रक्रियालाई प्रवर्द्धन गर्दै स्थानीय विवादलाई समुदायमै समाधान गर्न वडा कार्यालयहरुमा रहेका मेलमिलाप केन्द्र मार्फत विवादहरू समाधान गर्ने नीति अवलम्बन गरिनेछ ।

११३. लैङ्गिक हिंसा, घरेलु हिंसा तथा सामाजिक विभेदसम्बन्धी उजुरीहरूको शीघ्र र संवेदनशील रूपमा समाधान गर्ने व्यवस्था मिलाइनेछ ।

११४. न्यायिक समितिको क्षमता विकास, अभिमुखीकरण तथा तालिम कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ ।

११५. अभिलेख व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्दै न्यायिक समितिबाट भएका निर्णयहरूको नजिर संग्रह तयार गरिनेछ ।

**ङ. समन्वय तथा सहकार्य सम्बन्धी**

११६. संघ, प्रदेश तथा स्थानीय सरकारबीचको समन्वय तथा सहकार्यलाई सुदृढ गर्दै विकास योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

११७. सार्वजनिक निजी साझेदारी (PPP) तथा सहलगानीका माध्यमबाट सरकारी निकाय, निजी क्षेत्र, सहकारी संस्था, नागरिक समाज तथा विकास साझेदारहरूसँगको सहकार्यलाई विस्तार गर्दै समग्र विकास प्रक्रियालाई गतिशील बनाइनेछ ।

११८. स्थानीय तहभित्रका वडा, टोल विकास संस्था तथा समुदायबीच आपसी समन्वय, सहकार्य र सहभागिता प्रवर्द्धन गर्दै अन्तर स्थानीय तह बीचको सहकार्यलाई समेत प्रोत्साहन गरी साझा समस्या समाधान, स्रोत साझेदारी तथा क्षेत्रीय विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

११९. शिक्षा, स्वास्थ्य, पूर्वाधार, वातावरण संरक्षण, विपद् व्यवस्थापन लगायतका क्षेत्रमा अन्तरनिकायगत सहकार्यलाई प्राथमिकता दिइनेछ ।

१२०. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सरोकारवाला निकायहरूको अर्थपूर्ण तथा सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

## आ.व. २०८३/०८४ को अनुमानित आय तथा व्यय विवरणः-

| आय अनुमान | | | | |
|---|---|---|---|---|
| **सि.न.** | **शीर्षक** | **स्रोत** | **रकम रु.** | **कैफियत** |
| १ | सशर्त अनुदान | संघीय सरकार | २४७,६००,००० | |
| २ | वित्तीय समानीकरण अनुदान | संघीय सरकार | १९४,२००,००० | |
| ३ | समपुरक अनुदान | संघीय सरकार | ४,५००,००० | |
| ४ | विशेष अनुदान | संघीय सरकार | २१,४००,००० | |
| ५ | समानीकरण अनुदान | प्रदेश सरकार | १७,८४५,००० | |
| ६ | सशर्त अनुदान | प्रदेश सरकार | १२,८००,००० | |
| ७ | समपुरक अनुदान | प्रदेश सरकार | १६,०००,००० | |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ७,०००,००० | |
| ९ | घरजग्गा रजिष्ट्रेशन दस्तुर (मालपोत) | प्रदेश सरकार | ८०४,२०६,४०० | |
| १० | राजस्व बाँडफाँड (मु.अ.कर. र अन्त शुल्क समेत) | संघीय सरकार | १३१,६९८,००० | |
| ११ | राजस्व बाँडफाँड (सवारी साधन कर) | प्रदेश सरकार | ६०,०००,००० | |
| १२ | आन्तरिक स्रोत | न.पा. | ७९६,७५०,६०० | |
| १४ | अनुमानित बैंक मौज्दात | न.पा. | १९०,०००,००० | |
| **जम्मा** | | | **२,५०४,०००,०००** | |

.

| व्यय अनुमान | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **स्रोत** | **रकम रू.** | **कैफियत** |
| १ | सशर्त अनुदान | संघीय सरकार | २४७,६००,००० | |
| २ | समपुरक अनुदान | संघीय सरकार | ४,५००,००० | |
| ३ | संघीय समपुरक अनुदान म्याचिङ्ग | न.पा. | १८,०००,००० | |
| ४ | विशेष अनुदान | संघीय सरकार | २१,४००,००० | |
| ५ | सशर्त अनुदान | प्रदेश सरकार | १२,८००,००० | |
| ६ | समपुरक अनुदान | प्रदेश सरकार | १६,०००,००० | |
| ७ | प्रदेश समपुरक अनुदान म्याचिङ्ग | न.पा. | ६४,०००,००० | |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ७,०००,००० | |
| ९ | चालु आ.व. को दायित्व | न.पा. | ७१०,०००,००० | |
| १० | वडा सिलिङ्ग (का.पा. समेत) | न.पा. | १२२,५००,००० | |
| ११ | विषयगत शाखाको सिलिङ्ग बजेट | न.पा. | १८०,७००,००० | |
| १२ | प्रशासनिक खर्च | न.पा. | ३५०,०००,००० | |
| १३ | नगरस्तरीय योजना तथा कार्यक्रम | न.पा. | ७४९,५००,००० | |
| **कुल जम्मा** | | | **२,५०४,०००,०००** | |

# नागार्जुन नगरपालिकाको आर्थिक ऐन, २०८३

## नागार्जुन नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**कार्यपालिकाको बैठकबाट स्वीकृत गरिएको मितिः२०८३/०३/०७**

**प्रस्तावनाः** नागार्जुन नगरपालिकाको आ.व. २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२८ को उपधारा (१) बमोजिम नागार्जुन नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम "नागार्जुन नगरपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।

२) यो ऐन नागार्जुन नगरपालिका क्षेत्रमा सम्बत् २०८३ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. **सम्पत्ति करः**

